मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन २६ गते मंगलबार ❑ 11 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## 'डिजिटल अधिकारको उपयोग गर्दा सचेत हुन आवश्यक छ'

**रासस**
काठमाडौं, २५ साउन

तीव्र गतिमा विकसित भइरहेको डिजिटल सूचना प्रणालीको सुरक्षित, जिम्मेवार र व्यावसायिक प्रयोगमा पत्रकारहरू सचेत हुनुपर्नेमा जोड दिइएको छ।

डिजिटल राइट्स नेपालको आयोजनामा आजदेखि पोखरामा सुरु भएको 'डिजिटल अधिकार र प्रेस स्वतन्त्रता' सम्बन्धी दुईदिने तालिममा डिजिटल प्रविधि र प्लेटफर्मको प्रयोगसँगै पत्रकारको डिजिटल सुरक्षा र अधिकार संरक्षणमा ध्यान दिनुपर्नेमा जोड दिइएको हो। तालिमको उद्घाटन गर्दै नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले सञ्चारका डिजिटल प्लेटफर्ममा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता आवश्यक रहेको बताउनुभयो । उहाँले डिजिटल अधिकारको उपयोग गर्दा आवश्यक सावधानी अपनाउन नसके त्यसले गम्भीर जोखिम निम्त्याउन सक्नेतर्फ सबै सचेत हुनुपर्नेमा जोड दिनुभयो।

अध्यक्ष शर्माले भन्नुभयो, "सरकारले अहिलेको वर्षलाई कानुन बनाउने वर्ष भनेको छ । वर्तमान संविधान जारी भएपछि सञ्चारमाध्यमसम्बन्धी कानुन बन्ने क्रममा छन् । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संविधानले ग्यारेन्टी गरेकाले डिजिटल प्लेटफर्मको प्रयोग गर्दा स्वतन्त्रतासँगै सुरक्षित बनाउन जरुरी छ । यसो गरे मात्र नागरिकको अधिकार संरक्षण गर्न सक्छौँ ।" प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सङ्कुचन हुन नदिन तथा नागरिकको अधिकार सुनिश्चित गर्न महासङ्घले निरन्तर काम गरिरहेको उहाँले बताउनुभयो।

नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल र कास्की शाखाका अध्यक्ष माधव बरालले सामाजिक सञ्जाल तथा डिजिटल माध्यमबाट गलत सूचना र भ्रामक सामग्री फैलिन नदिन सञ्चारकर्मीको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो। डिजिटल राइट्स नेपालका सन्तोष सिग्देलले डिजिटल अधिकार संरक्षणका लागि डिजिटल सुरक्षा महत्त्वपूर्ण विषय भएकाले संस्थाले सन् २०२० देखि डिजिटल सुरक्षालाई प्राथमिकतामा राखेर काम गर्दै आएको बताउनुभयो । दुई दिनसम्म सञ्चालन हुने तालिममा गण्डकी प्रदेशका २२ जना सञ्चारकर्मीको सहभागिता रहेको छ। तालिममा डिजिटल अधिकार, प्रेस स्वतन्त्रता, सूचनाको हक, गोपनीयता, डिजिटल सुरक्षा तथा साइबर सुरक्षालगायत विषयमा ज्ञान र सीप प्रदान गरिने आयोजकले जनाएको छ।

## पहिरोपीडित परिवारलाई एक लाख एक हजार सहयोग

**पोखरापत्र संवाददाता**
दमौली, २५ साउन

तनहुँको म्याग्दे गाउँपालिका-४ स्थित थर्पु बजार खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले सामाजिक उत्तरदायित्व तथा मानवीय सेवाको भावनालाई आत्मसात् गर्दै गोरखाको लक्ष्मीबजारका पहिरोपीडित परिवारलाई आर्थिक सहयोग गरेको छ।

वर्षाका कारण गोरखाको लक्ष्मीबजारमा यही साउन १८ गते मानसिंह गुरुङको घर पहिरोबाट भएपछि विपद्मा परेको परिवारलाई समितिले रु एक लाख एक हजार १११ आर्थिक सहयोग हस्तान्तरण गरेको हो । थर्पु बजार खानेपानी उपभोक्ता तथा सरसफाइ समितिमा पदमबहादुर गुरुङले आफ्ना स्वर्गीय बुवा लोकबहादुर गुरुङको स्मृतिमा रु दश लाखको 'लोक बहादुर गुरुङ स्मृति अक्षयकोष' स्थापना गर्नुभएको छ। उक्त अक्षयकोषबाट प्राप्त हुने व्याज रकम सामाजिक सेवा, मानवीय सहयोग तथा विपद्मा परेका व्यक्तिको राहतमा उपयोग गर्ने उद्देश्य राखिएको छ। सोही उद्देश्यअनुसार अक्षयकोषबाट प्राप्त व्याजबाट पहिरोपीडित परिवारलाई सहयोग गरिएको समितिले जनाएको छ।

समितिका अध्यक्ष नरसिंह राना, पूर्वअध्यक्ष शेरकुमार मल्लले लक्ष्मीबजारमै पुगेर पीडित परिवारलाई सहयोग रकम हस्तान्तरण गर्नुभएको हो।

## यस्तो छ माछापुछ्रे 'इन्क्लाइन' परियोजना

**पोखरापत्र संवाददाता**
पोखरा, २५ साउन

ठाडै उकालोमा २० हजार सिँढी पार गर्न कति समय लाग्ला ? एथलेटिक्स खेलाडीका लागि यो केही घण्टाको लक्ष्य हुन सक्छ। तर, जोकोहीका लागि भने यो चानचुने दुरी होइन । खेलाडीदेखि पदयात्री पर्यटकसम्मलाई साहस र रोमाञ्चकताको अनुभूति दिलाउन झण्डै सात किमि दुरीमा नयाँ पदमार्ग बन्ने भएको छ। जसलाई माछापुछ्रे 'इन्क्लाइन' परियोजनाका रुपमा अघि बढाइएको छ।

परियोजना तोकिएकै समयमा कार्यान्वयनमा आएमा देशकै पर्यटन क्षेत्रका लागि यो नयाँ 'प्रडक्ट' हुनेछ।

कास्कीको माछापुछ्रे गाउँपालिका-९ मा सञ्चालन हुने परियोजनाअन्तर्गत समुद्री सतहदेखि ११ सय मिटरमा रहेको सैँतीघट्टदेखि ३८ सय मिटरको उचाइमा अवस्थित कोर्चाङसम्म अन्तर्राष्ट्रिय मापदण्डसहितको पदमार्ग बन्ने जनाइएको छ।

पर्यटन व्यवसायी एवं परियोजनाका परिकल्पनाकार गणेशबहादुर थापाका अनुसार उक्त पदमार्ग ४५ डिग्रीसम्म ठाडो हुनेछ। आफू अमेरिका भ्रमणमा गएका बेला कोलोराडोमा यस्तै पदमार्ग देखेपछि माछापुछ्रे 'इन्क्लाइन'को जुक्ति फुरेको उहाँले सुनाउनुभयो । दुई वर्षअघि खुमैडाँडाको पदयात्राका क्रममा कोर्चाङदेखि सैँतीघट्टको ओरालो झर्दा उहाँमा त्यो सोच पलाएको थियो । पछि उहाँसहित माछापुछ्रे गाउँपालिकाको पहल र अगुवाईमा परियोजनाको प्रस्तावले मूर्त रुप लियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्म प्रस्ताव पेश भयो। "यो नेपालका लागि पहिलो र नमुना परियोजना हो", उहाँले भन्नुभयो, "सरकारले यसको अपनत्व लिइसकेको छ, छिट्टै परियोजनामा कार्यान्वयनमा जान्छ भन्नेमा हामी विश्वस्त छौँ ।" केही दिनअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडगराज पौडेल, मन्त्रालयका सचिवसहितको टोलीले प्रस्तावित परियोजनास्थलको अवलोकनसमेत गरेको थियो । त्यस क्रममा मन्त्री पौडेलले परियोजनाका लागि सरकारका तर्फबाट बजेटको कमी हुन नदिइने प्रतिबद्धता जनाउनुभएको थियो। तीन वर्षभित्रमै काम सक्ने गरी परियोजना अगाडि बढाइने उहाँको भनाइ थियो। माछापुछ्रे हिमालको फेदमा बन्ने यो परियोजनाले संसारभरका पर्यटक तथा साहसिक खेलाडीलाई आकर्षित गर्ने थापाले बताउनुभयो । उहाँका अनुसार सर्वसाधारणका लागि २० हजार सिँढी पार गर्न तीन दिन लाग्ने अनुमान गरिएको छ। "म्याराथनका खेलाडीले कम समयमै पार गर्न सक्छन्, तर सामान्य मानिसलाई दिनमा पाँच हजारभन्दा बढी सिँढी पार गर्न गाह्रो हुन्छ", उहाँले भन्नुभो । हरेक सिँढी चढ्दा नयाँ उचाइ हासिल हुने गरी संरचना बनाउने योजना रहेको थापाले बताउनुभयो। पदमार्ग निर्माण हुँदा सिँढीको संख्या केही घटबढ हुन सक्ने उहाँको भनाइ छ। स्थानीय ढुङ्गा प्रयोग गरेर बनाइने सिँढी दस फिट चौडा र छ इञ्ज अग्लो हुने उहाँले बताउनुभयो।

मेगा परियोजना भएकाले यसमा सरकारले लगानीसँगै स्थानीयवासीको सहभागितालाई पनि सुनिश्चित गर्नुपर्ने थापाले बताउनुभयो। सहकारी र सामुदायिक ढाँचामा प्रभावित क्षेत्रका बासिन्दालाई परियोजनामा जोड्नुपर्ने उहाँको भनाइ छ । उक्त पदमार्गलाई एथलेटिक्स खेलको प्रतियोगिता तथा तालिम केन्द्रका रुपमा विकास गर्न सकिने जनाइएको छ । खेलाडी मात्र नभएर विश्वभरका पर्यटक हिमाली भेगको पदयात्राको नयाँ अनुभव बटुल्न यहाँ आउने विश्वास गरिएको छ। माछापुछ्रे गाउँपालिकाका अध्यक्ष मिनबहादुर गुरुङले चालु आवमा पर्यटन मन्त्रालयबाट परियोजनाका लागि रु. पाँच करोड विनियोजन भएको बताउनुभयो । मन्त्रालयले अन्तर्राष्ट्रिय मापदण्डसहितको ' माछापुछ्रे इन्क्लाइन स्टेप्स रनिङ ट्रेल निर्माण'का लागि उक्त बजेट विनियोजन गरेको हो।

गत आवमा रु. तीन करोड बजेट छुट्टिएकामा 'जेन्जी' आन्दोलनलगायत विविध कारणले काम सुरु हुन सकेको थिएन । "पर्यटन मन्त्रीले बजेटको कमी हुन नदिने प्रतिबद्धता जनाउनुभएको छ, बहुवर्षीय आयोजनाअन्तर्गत यस वर्ष रु. पाँच करोड विनियोजन भएको छ", उहाँले भन्नुभयो, "पर्यटन मन्त्रालयले नै परियोजना कार्यान्वयन गर्छ, स्थानीयस्तरमा गाउँपालिकाले समन्वय गर्दै आएको छ ।" परियोजनाको वातावरणीय प्रभाव मुल्याङ्कनको प्रकृया पनि अगाडि बढेको अध्यक्ष गुरुङले बताउनुभयो। यसअघि गाउँपालिकाले बनाएको विस्तृत परियोजना प्रतिवेदन थप परिमार्जन हुने उहाँको भनाइ छ । परियोजना निर्माणमा झण्डै ५० करोड लागत अनुमान गरिएको छ। पदमार्गमा ठाउँठाउँमा विश्रामका लागि चौतारी, उद्यान, तलाउ, शौचालयलगायत संरचना बन्नेछन्। यस्तै हरेक पाँच सय मिटरमा चिया पसल, प्राथमिक उपचार केन्द्र रहने जनाइएको छ। होटल, हेलिप्याड, अस्पताललगायत संरचना निर्माणलाई पनि विस्तृत परियोजना प्रतिवेदनमा समेटिएको छ । सिँढी चढेर माथि पुगेपछि फर्कनका लागि छुट्टै पदमार्ग बनाउने योजना छ । यस्तै बीचमै यात्रा राकेर फर्कनेका लागि बाहिर निस्कने छुट्टै मार्ग रहने जनाइएको छ। पदमार्गमा जनावर ओहोरदोहोर गर्नका लागि छुट्टै मार्ग बन्नेछ । ट्रेकिङ ऐजिन्सिज एसोसियसन अफ नेपाल (टान), गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले माछापुछ्रे 'इन्क्लाइन'लाई खेल पर्यटनको गन्तव्यका रुपमा विकास गर्नुपर्ने बताउनुभयो। अल्ट्रा दौडका लागि विश्वभरका धावकहरु यहाँ आकर्षित हुने उहाँको भनाइ छ । "हिमाली क्षेत्रमा ३८ सय मिटर उचाइसम्म हिँड्न र दौडनका लागि पनि खेलाडीहरु यो पदमार्गमा लालयित हुनेछन्", उहाँले भन्नुभयो, "खेलाडी मात्र नभएर साहसिक गतिविधि रुचाउने सौखिन पर्यटकका लागि पनि यो आकर्षक गन्तव्य बन्छ ।" माछापुछ्रे 'इन्क्लाइन' परियोजना सञ्चालनमा आउँदा पर्यटकीय राजधानी पोखरा मात्र नभएर देशले नै लाभ लिने अध्यक्ष आचार्यले बताउनुभयो। परियोजना प्रारम्भिक चरणमै रहेकाले यसको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै पक्ष लागिपर्नुपर्ने उहाँको भनाइ छ।

## गिद्ध संरक्षणसँगै जैविक विविधता जोगाउन विद्यार्थीको सक्रियता

**पोखरापत्र संवाददाता**
पोखरा, २५ साउन




पोखराको पृथ्वीनारायण क्याम्पसका प्राणीशास्त्र तथा वनस्पतिशास्त्र विभागका विद्यार्थी गिद्ध संरक्षणसँगै जैविक विविधता र वातावरण संरक्षणका विविध गतिविधिमा सक्रिय भएका छन्।

कास्कीको माछापुच्छ्रे गाउँपालिका-३ घाचोकस्थित जटायु संरक्षण तथा गाई संरक्षण केन्द्रमा पुगेर आइतबार विद्यार्थीले गिद्धको आहार व्यवस्थापन (फिडिङ) प्रत्यक्ष अवलोकन गर्नुका साथै संरक्षण क्षेत्रमा सरसफाइ र वातावरणीय व्यवस्थापनका विभिन्न गतिविधिमा स्वयंसेवकका रूपमा सहभागिता जनाएका हुन् । पृथ्वीनारायण क्याम्सका ४० विद्यार्थी, स्थानीयवासी तथा संरक्षणकर्मीको सहभागितामा गिद्ध संरक्षण, जैविक विविधता संरक्षण र वातावरणीय सचेतनासम्बन्धी कार्यक्रम गरिएको हो । कार्यक्रममा विद्यार्थीले मरेका जनावरका हड्डी सङ्कलन तथा व्यवस्थापन, झाडी सफाइ, वनस्पतिको पहिचानका लागि 'नेम प्लेट' राख्ने तथा संरक्षण क्षेत्रको वातावरणीय व्यवस्थापनलगायतका काममा प्रत्यक्ष सहभागिता जनाए।

विद्यार्थीलाई कक्षाकोठामा प्राप्त सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्दै प्रत्यक्ष रूपमा संरक्षणका गतिविधिमा सहभागी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा गिद्ध संरक्षणको महत्व, वनस्पति संरक्षण, जैविक विविधता र वातावरण संरक्षणका विषयमा विज्ञ तथा संरक्षण क्षेत्रमा क्रियाशील व्यक्तिले विद्यार्थीलाई आवश्यक जानकारी दिएका थिए। बोटानिकल स्टुडेन्ट्स सोसाइटी पृथ्वीनारायण क्याम्पसकी अध्यक्ष कविता त्रिपाठीले एक दिनको स्वयंसेवी कार्यक्रम नयाँ, रमाइलो र सिकाइपूर्ण बनेको बताउनुभयो। "गिद्धलाई नजिकबाट अवलोकन गर्दै यसको संरक्षण, वातावरणमा यसको भूमिका र जैविक विविधता जोगाउन यसको महत्वबारे बुझ्न पाउनु विशेष अनुभव रह्यो", उहाँले भन्नुभयो । त्रिपाठीका अनुसार कार्यक्रममा विद्यार्थीले विभिन्न वनस्पतिलाई प्रत्यक्ष रूपमा फिल्डमा अवलोकन गरी पहिचान गर्नुका साथै वनस्पतिको वैज्ञानिक तथा स्थानीय नामसहित 'ट्यागिङ' र अभिलेखीकरण गरेका थिए।

जटायु संरक्षण केन्द्रका सचिव मनिष पोखरेलले पुस्तकमा पढेरमात्र संरक्षणको वास्तविक महत्व बुझ्न नसकिने भएकाले विद्यार्थीलाई प्रत्यक्ष रूपमा प्रकृति र संरक्षणको अभ्याससँग जोड्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । "प्राणीशास्त्र र वनस्पतिशास्त्रका विद्यार्थी यहाँ सहभागी हुनुभएको छ। उहाँहरूले गिद्धको फिडिङ प्रत्यक्ष रूपमा हेर्नुभयो, संरक्षण क्षेत्रमा सरसफाइ गर्नुभयो र वनस्पतिका नेम प्लेट राख्नुभयो।

यस्ता व्यावहारिक गतिविधिले विद्यार्थीमा संरक्षणप्रतिको चासो र जिम्मेवारीबोध बढाउन महत्त्वपूर्ण भूमिका खेल्छ", पोखरेलले भन्नुभयो। घाचोकमा सञ्चालित जटायु संरक्षण केन्द्रले लामो समयदेखि गिद्धसंरक्षणसँगै स्थानीय समुदायमा जैविक विविधता तथा वातावरण संरक्षणसम्बन्धी चेतना अभिवृद्धि गर्दै आएको छ । केन्द्रमा गिद्धका लागि सुरक्षित र विषरहित आहारको व्यवस्था गरी संरक्षणको प्रयास भइरहेको छ। प्राकृतिक रूपमा मरेका जनावर खाएर वातावरण सफा राख्ने भएकाले गिद्धलाई प्रकृतिको महत्त्वपूर्ण 'सफाइकर्मी'का रूपमा लिइन्छ । पारिस्थितिक प्रणाली सन्तुलन कायम राख्न पनि गिद्धको महत्त्वपूर्ण भूमिका रहेको संरक्षणकर्मी बताउँछन्।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी खेलकुद पदक पववादमा परे पछि छानबिन समिति गठन

पोखरापत्र संवाददाता
पोखरा, २५ साउन

गण्डकी प्रदेश खेलकुद परिषद्ले पहिलोपटक वितरण गरेको 'गण्डकी प्रदेश खेलकुद पदक' विवादमा परेपछि गण्डकी प्रदेश सरकारले छानबिन समिति गठन गरेको छ।

पदक वितरण प्रक्रिया, छनोट तथा सिफारिस, कार्यविधिको कार्यान्वयन र सार्वजनिक रूपमा उठेका अनियमितता तथा मिलेमतोका आरोपबारे सत्यतथ्य पत्ता लगाउन प्रदेश सरकारले सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. शेषनारायण पौडेलको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको हो।

समितिमा मन्त्रालयका उपसचिव घनश्याम पौडेल र अधिकृत आठौं तहका कर्मचारी नारायण बास्तोला सदस्य रहनु भएको मन्त्रालयले जनाएको छ। समितिलाई यथाशीघ्र छानबिन गरी प्रतिवेदन पेस गर्न भनिएको निर्देशन दिइएको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री रेखा गुरुङले बताउनु भयो। पदक वितरणसम्बन्धी विषयमा विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत प्रश्न उठेपछि प्रदेश सरकार गम्भीर भएको उहाँले बताउनु भयो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको समेत ध्यानाकर्षण भएपछि छानबिन समिति गठन गरिएको हो। "गण्डकी खेलकुद पदक गण्डकीको गरिमासँग जोडिएको विषय हो। पदक वितरणमा विभिन्न कैफियत देखिएको र सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा प्रश्न उठेपछि हामी गम्भीर भएका छौँ।" मन्त्री गुरुङले भन्नुभयो। छानबिन समितिले दिएको प्रतिवेदनका आधारमा आवश्यक निर्णय लिने उहाँले जनाउनु भयो।

छानबिन समितिका संयोजक तथा मन्त्रालयका सचिव डा.शेषनारायण पौडेलले पदक वितरणसँग सम्बन्धित सबै कागजात, निर्णय, सिफारिस, कार्यविधि लगायतका बिषयमा गहन अध्ययन गरिने बताउनु भयो। सञ्चारमाध्यममा प्रकाशित सामग्री, उपलब्ध प्रमाण तथा सम्बन्धित व्यक्तिसँगको सोधपुछका आधारमा छानबिन अघि बढाउने उहाँले जनाउनु भयो। "पदक वितरणका क्रममा के भएको हो, त्यसको सत्यतथ्य उचित ढंगले जाँचबुझ गर्छौं, जे देखिन्छ, त्यही प्रतिवेदनमा उल्लेख गर्छौं।" पौडेलले भन्नुभयो। समितिले पदक वितरण कार्यविधिअनुसार भए-नभएको, सिफारिस तथा छनोट प्रक्रिया पूरा भए-नभएको, पुरस्कार तथा नगद वितरणका मापदण्ड पालना भए-नभएको लगायतका विषयसमेत अध्ययन गर्ने सचिव पौडेलले जनाउनु भयो। यही साउन २९ गते भित्र प्रतिवेदन तयार पार्ने उहाँले जनाउनु भयो।

गण्डकी प्रदेश खेलकुद परिषद्ले आर्थिक वर्ष २०८१/८२ का लागि पहिलोपटक 'गण्डकी प्रदेश खेलकुद पदक स्थापना तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८१' अनुसार पदक वितरण गरेको थियो। ३० असारमा आयोजित कार्यक्रममा राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान अरुणा शाही, क्रिकेट प्रशिक्षक रिजन प्रजु, आर्चरीका असिम शेरचन र योगेन्द्र शेरचन, आईटीएफ तेक्वान्दोकी सुस्मिता थापामगर तथा खेलकुद पत्रकार केशव पाठक लगायत व्यक्तित्वलाई पदक तथा सम्मान प्रदान गरिएको थियो। नेपाल भूतपूर्व खेलाडी मञ्चलाई समेत सम्मान गरिएको थियो। कार्यक्रममा पदक तथा सम्मानपत्रसँगै जनही २० हजार रुपैयाँ नगद प्रदान गरिएको परिषद्ले जनाएको थियो। यसैगरी प्रदेशभित्र उत्कृष्ट कार्यसम्पादन गर्ने खेल संघमध्ये गण्डकी प्रदेश टेनिस संघलाई एक लाख २० हजार रुपैयाँ तथा गण्डकी प्रदेश ह्यान्डबल संघ र गण्डकी प्रदेश फेन्सिङ संघलाई जनही ९० हजार रुपैयाँ नगदसहित सम्मान गरिएको थियो। अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जितेका २५ खेलाडीलाई जनही १५ हजार रुपैयाँ, राष्ट्रपति रनिङ शिल्डमा पदक विजेता ४६ खेलाडीलाई शैक्षिक छात्रवृत्ति तथा सम्बन्धित खेलाडी, प्रशिक्षक र पदक विजेतालाई एक वर्षको आकस्मिक दुर्घटना बिमाको व्यवस्था गरिएको परिषद्ले जनाएको थियो।

यसैबिच, प्रदेश खेलकुद परिषद्ले गरेको पदक वितरण प्रक्रियामा देखिएको भनिएको अनियमितता, लापरवाही र मिलेमतोका आरोपबारे नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले निष्पक्ष छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न माग गरेको छ। मञ्चका अध्यक्ष मानबहादुर घर्ती 'एमबी आस्था' र महासचिव परशुराम शर्माले जारी गरेको विज्ञप्तिमा पदक वितरणमा संलग्न समिति तथा जिम्मेवार पदाधिकारीले नैतिक जिम्मेवारी वहन गर्दै देखिएका त्रुटि सच्याउनुपर्ने माग गरिएको छ।



केदारेश्वर मन्दिरमा भक्तजन घुइँचो : पोखरा महानगरपालिका-६ मा अवस्थित केदारेश्वर मन्दिरमा साउन महिनाको अन्तिम सोमबार दर्शनार्थीको घुइँचा। साउन महिनाभर भगवान शिवको विशेष पूजा-आराधना गर्ने परम्परा रहेको छ। तस्बिरः राधिका कँडेल/रासस

# शीत भण्डार बनेपछि रत्नपुरका आलु उत्पादक किसान उत्साहित

पोखरापत्र संवाददाता
वालिङ, २५ साउन

जिल्लाको चापाकोट नगरपालिका-८ रत्नपुरमा एक सय टन क्षमताको शीत भण्डार निर्माण भएको छ।

गण्डकी प्रदेश सरकार र चापाकोट नगरपालिकाको लागत साझेदारीमा रु एक करोड ६० लाखको लागतमा भण्डार निर्माण भएको हो। प्रारम्भमा दुई सय टनभन्दा बढी क्षमताको शीत भण्डार निर्माण गर्ने योजना रहे पनि बजेट अभावका कारण एक सय टन क्षमताको भण्डार निर्माण गरिएको चापाकोट-८ का वडाध्यक्ष टोपलाल न्यौपानेले राससलाई जानकारी दिनुभयो।

विशेषगरी व्यावसायिकरूपमा आलु उत्पादन हुने रत्नपुरमा शीत भण्डार निर्माण भएपछि किसान उत्साहित भएका छन्। अब आलु भण्डारणका लागि भैरहवा, गल्याङको जिमुहा र पुतलीबजारसम्म पुग्नुपर्ने बाध्यता हटेको छ। एक बोरा आलु ती भण्डार केन्द्रमा पुर्‍याउँदा किसानले रु ५०० सम्म खर्च गर्नुपर्ने बाध्यात्मक परिस्थिति पनि अन्त्य भएको छ।

# राष्ट्रिय परोपकार महासंघ पोखरा १३ मा नयाँ नेतृत्व चयन

पोखरापत्र संवाददाता
पोखरा, २५ साउन

राष्ट्रिय परोपकार महासंघ नेपाल, वडा ईकाइ १३ को एघारौं वार्षिक साधारण सभा तथा चौथो अधिवेशन आईतवार कुडहर स्थित पृथ्वीधर सिग्देल समाज भवनमा सम्पन्न भएको छ।

अ धि वे श न ले पुरुषोत्तम सापकोटाको अध्यक्षतामा ११ सदस्यिय नयाँ कार्य समिति सर्वसम्मत निर्वाचित गरेको छ। समितिको उपाध्यक्षमा रमेशराज पौडेल, सचिवमा कृष्ण बहादुर क्षेत्री (कुमार), सहसचिव सन्ध्या सिग्देल तथा कोषाध्यक्ष मा रबि बराल छानिनु भएको छ। तेस्तै कार्यसमिती सदस्यहरुमा पं महेन्द्रप्रसाद गौतम, सूर्यनाथ बराल, निर्मला क्षेत्री, गंगा अधिकारी, प्रतिमा भण्डारी, केशवराज गौतम तथा पदेन सदस्यमा महिला (नारी) ईकाई समिति अध्यक्ष चुनिनु भएको छ। यसै बीच अधिवेशनका अवसरमा राष्ट्रिय परोपकार महासंघ, पोखरा १३, महिला (नारी) ईकाई समिति पनि सर्वसम्मत चयन गरिएको थियो। नवगठित समितिको अध्यक्षमा शान्तीदेवी सिग्देल, उपाध्यक्षमा गायत्री सिग्देल, सचिवमा सुमन्त घिमिरे बराल, सहसचिव मा रेखा सिग्देल, कोषाध्यक्षमा लक्ष्मी बाँस्तोला सिग्देल, तथा सदस्यहरुमा मधुरा सिग्देल, सरीता सुवेदी, यशोदा सिग्देल, पार्वती सिग्देल, तथा सपना सिग्देल रहनु भएको छ। निर्वाचन सम्पन्न गर्न लोकबहादुर कार्की, संयोजक तथा माधवप्रसाद आचार्य र मीरा सिग्देल सदस्य रहनु भएको




तीन सदस्यिय निर्वाचन समिति गठन गरिएको थियो। कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय परोपकार महासंघ नेपालका केन्द्रीय अध्यक्ष भागवत भास्कर पण्डीत कमलनयन गौतमले जनजनमा सेवा भाव पैदा गराउन नै परोपकार महासंघ नेपाल को स्थापना गरिएको जानकारी दिनुभयो। "सेवा भन्दा ठूलो अर्को केहि पनी नभएको दावी गर्दै उहाँले सेवा गर्ने हेतुले धेरै खालका सेवामुखी कामहरू शुरू गरिएको बताउनु भयो। राष्ट्रिय परोपकार महासंघले बाल आश्रम, गुरुकुल आश्रम सञ्चालन, कल्प बृक्ष अभियान, गौशाला सञ्चालन, लगायत का धेरै महत्वपूर्ण कामहरु गरिरहेको जानकारी दिनुभयो। गौतमले हिन्दुधर्म को रक्षार्थ मानिसमा धार्मिक आचरण तथा व्यवहार देखिनु पर्ने सुझाव दिनुभयो।"सेवा नै धर्म हो भन्ने मुल उद्देश्य राखेर २०६४ सालमा स्थापना गरिएको यो संस्था, देशका ६४ जिल्ला तथा बिभिन्न नगर वडा टोल टोल सम्म बिस्तारित भईरहेको छ। सो अवसरमा विशेष अतिथि पोखरा महानगरपालिका वडानं १३का वडा अध्यक्ष किरण बरालले राष्ट्रिय परोपकार महासंघको सेवा भाव प्रति वडानं १३ कार्यालय सधैं हातेमालो गरेर अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गर्नु भयो। पत्रकार श्रीराम सिग्देलले सेवा भावले ओतप्रोत राष्ट्रिय परोपकार महासंघलाई टोल टोल सम्म बिस्तार गर्दै मानिसहरू मा सचेतना जागृत गराउँदै चेतना स्तर बढाउन समेत लाग्नु पर्ने सुझाव दिनुभयो। महासंघ वडानं १३ महिला (नारी) ईकाइ तथा पृथ्वीधर सिग्देल समाजकी अध्यक्ष मैयाँ देवी सिग्देलले सबैभन्दा ठूलो धर्म नै सेवा गर्नु हो भन्दै मानव सेवामा लाग्न सबैमा आग्रह गर्नु भयो। पोखरा १३ महिला (नारी) इकाइ समिति की संस्थापक अध्यक्ष रमा कार्की लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। राष्ट्रिय परोपकार महासंघ, पोखरा १३वडा इकाइ समितिका अध्यक्ष शिवप्रसाद बरालको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष बरालले वार्षिक प्रगती प्रतिवेदन पेश गर्नु भएको थियो। सो अवसरमा उपाध्यक्ष पुरुषोत्तम सापकोटाले स्वागत तथा सचीव रमेशराज पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# प्रधानमन्त्री शाहसँग चिनियाँ राजदूतद्वारा शिष्टाचार भेट

पोखरापत्र संवाददाता
पोखरा, २५ साउन

प्रधानमन्त्री वालेन्द्र शाहसँग नेपालका लागि चीनका राजदूत चाङ माओमिङले सोमबार शिष्टाचार भेट गर्नुभएको छ। उहाँहरूबीच नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने, विभिन्न क्षेत्रमा सहयोग प्रवर्द्धन एवं विकास साझेदारीलाई अभिवृद्धि गर्ने लगायतका विषयमा छलफल भएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिनुभयो।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा प्रधानमन्त्री शाहले चीनसँगको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्ने विषयमा जोड दिनुभयो। राजदूत माओमिङले प्रधानमन्त्री शाहलाई शुभकामना व्यक्त गर्दै दुई देशबीचको आपसी सम्बन्ध र सहकार्यलाई थप सुदृढ बनाउने प्रतिबद्धता जनाउनुभयो।

# सेवाको संकल्प बोकेर रोट्र्याक्ट लेकस इडको नेतृत्वमा सुन्दर पौडेल

पोखरापत्र संवाददाता
पोखरा, २५ साउन

कुनै पद आफैंमा ठूलो हुँदैन, त्यसलाई अर्थपूर्ण बनाउने जिम्मेवारी र उद्देश्यले हो। युवा उमेरको ऊर्जा, समाजप्रतिको उत्तरदायित्व र केही नयाँ गर्ने हुटहुटी बोकेर रोट्र्याक्ट क्लब अफ पोखरा लेकसाइडको नेतृत्व सम्हाल्न आइपुगेका छन् सुन्दर पौडेल।

रोट्र्याक्ट क्लब अफ पोखरा लेकसाइडको हालै भएको १०औं पदस्थापन तथा ह्यान्डओभर समारोहमा पौडेलले सन् २०२६/२७ का लागि क्लबको अध्यक्षको जिम्मेवारी ग्रहण गरे। नेतृत्व हस्तान्तरणसँगै उनले आफ्नो कार्यकाललाई केवल कार्यक्रमको वर्ष नभई युवा क्षमता, सामाजिक सेवा र सिर्जनात्मक सोचलाई व्यवहारमा उतार्ने अवसरका रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन्। समारोहमा सन् २०२५/२६ को कार्यकालको समीक्षा गर्दै निवर्तमान अध्यक्ष नम्रता लम्सालले आफ्नो कार्यकालको प्रतिवेदन प्रस्तुत गरिन्। लम्सालले क्लबले वर्षभरि सञ्चालन गरेका गतिविधि, सामाजिक सेवा, युवा सहभागिता र हासिल गरेका उपलब्धिबारे जानकारी दिइन्। नव निर्वाचित अध्यक्ष पौडेललाई डि.आर.आर. प्रकाश शर्मा गैरेले पद तथा गोपनीयताको शपथ गराए। त्यसपछि क्लबको चार्टर प्रमाणपत्र, कलर, गोंग तथा ग्याभल औपचारिक रूपमा नयाँ नेतृत्वलाई हस्तान्तरण गरियो। ती सामग्रीको हस्तान्तरणसँगै क्लबको नेतृत्व एउटा पुस्ताबाट अर्को पुस्तामा पुगेको अनुभूति समारोहमा देखिन्थ्यो। पौडेलको परिचय रोटरी क्लब अफ पोखरा लेकासाइडका पूर्वअध्यक्ष रोटेरियन शोभाकान्त सिग्देलले गराएका थिए। परिचयसँगै पौडेलको नेतृत्व क्षमता, सामाजिक सेवाप्रतिको रुचि र युवामाझ सकारात्मक प्रभाव पार्न सक्ने सम्भावनाबारे चर्चा गरे। पदभार ग्रहणपछि अध्यक्ष पौडेलले आगामी कार्यकालको योजना प्रस्तुत गर्दै




युवा सशक्तीकरण, सामुदायिक सेवा, व्यावसायिक विकास तथा नवीन प्रविधि र सिर्जनात्मक कार्यक्रमलाई प्राथमिकता दिने बताए। उनले युवालाई केवल सहभागी बनाउने नभई नेतृत्व गर्ने अवसर सिर्जना गर्नुपर्नेमा जोड दिए। 'पाइला' नामक क्लबको वार्षिक स्मारिकासमेत समारोहमा विमोचन गरियो। क्लबको यात्रा, गतिविधि र उपलब्धिलाई दस्तावेजका रूपमा समेटिएको स्मारिकाले नयाँ नेतृत्वका लागि विगतलाई सम्झने र आगामी बाटो पहिल्याउने आधारसमेत तयार गरेको छ। समारोहमा क्लबका पूर्व बोर्ड सदस्य, ब्याचमेट अध्यक्ष तथा क्लबको विकासमा विशेष योगदान पुर्‍याउने व्यक्तित्वलाई सम्मान गरिएको थियो। नयाँ अध्यक्ष पौडेलका बुवा नरेन्द्र पौडेल, आमा कमला पौडेल र दिदी सुरक्षा पौडेललाई समेत विशेष सम्मान गरिएको थियो। परिवारको साथ र विश्वासलाई आफ्नो नेतृत्व यात्राको महत्वपूर्ण आधारका रूपमा लिँदै पौडेलले अभिभावकप्रति आभार व्यक्त गरे।

कार्यक्रममा जेडआरआर सौरव केसीले जोन-१६ का गतिविधि तथा आगामी योजनाबारे जानकारी दिँदै नयाँ नेतृत्वलाई सफल कार्यकालको शुभकामना दिए। क्लबका चार्टर अध्यक्ष रोटेरियन सुवास मल्लले रोट्र्याक्ट क्लबको इतिहास, यात्रामा हासिल गरेका उपलब्धि र आगामी नेतृत्वले खेल्नुपर्ने भूमिकाबारे आफ्ना अनुभव तथा सुझाव सुनाए। रोटरी क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष रोटेरियन टोपबहादुर थापाले रोटरी र रोट्र्याक्टबीचको सहकार्यले युवाको नेतृत्व विकाससँगै समुदायमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेल्ने बताए।

डि.आर.आर. प्रकाश शर्मा गैरेले नयाँ नेतृत्वलाई आवश्यक निर्देशनसहित शुभकामना दिए। प्रमुख अतिथि सफल व्यवसायी तथा समाजसेवी नारायण पौडेलले युवाको सोच, ऊर्जा र सिर्जनशीलतालाई समाज निर्माणसँग जोड्न सके परिवर्तन सम्भव हुने धारणा राखे। पौडेलले भने म व्यवसायको क्षेत्रमा काम गर्दै आएको व्यक्ति हो। व्यवसायले मालाई ठूला् कुरा सिकाएका् छ, अवसर पर्खेर वस्ने होइन, अवसर सिर्जन गर्ने हो उनले भने। जागिर खोज्नु नराम्रो होइन तर हामीले यस्तो सोच पनि विकास गर्नु पर्दछ कि भोली आँफैले रोजगारी सिर्जन गर्न सक्नु पर्नेमा पौडेलको जोड थियो। कार्यक्रममा सर्जेन्ट-एट-आर्म्स रो. मिलन पौडेलले कार्यक्रम सञ्चालन, अनुशासन तथा सुरक्षा सम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए। क्लबका कोषाध्यक्ष सफल पाण्डेले धन्यवाद ज्ञापन गरेपछि समारोह समापन भएको थियो।

समारोहमा रोटेरियन, डिस्ट्रिक्ट तथा जोनल टिमका पदाधिकारी, विभिन्न रोट्र्याक्ट क्लबका अध्यक्ष तथा सचिव, प्रतिनिधि, पूर्वअध्यक्ष, अभिभावक, क्लब सदस्य र स्वयंसेवकहरूको सहभागिता थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# प्रधानमन्त्रीको फेरिएको अडान

प्रधानमन्त्री बालेन शाहले साढे चार महिनाको कूटनीतिक अडान त्याग्दै सोमबारदेखि विदेशी राजदूतहरूसँगको प्रत्यक्ष भेटवार्ता पुनः सुरु गरेका छन् । प्रधानमन्त्रीले भारतीय राजदूत नवीन श्रीवास्तव र चिनियाँ राजदूत झाङ माओमिङसँग सिंहदरबारमा द्विपक्षीय हित र आपसी साझेदारीका विषयमा छलफल गरेर पुरानो अडान छाडेका छन । छिमेकी राष्ट्रसँगको विश्वास बढाउन र बदलिँदो परिस्थितिमा संवाद स्थापना गर्न प्रधानमन्त्रीको यो कदम हाम्रालागि आवश्यक हो । साढे ४ महिना अघि प्रधानमन्त्री बनेपछि बालेन शाहले कूटनीतिक प्रोटोकललाई कडाईसाथ पालना गर्ने नीति लिए । त्यही नीतिका कारण उनले कुनै पनि कूटनीतिक अधिकारीलाई भेट्ने र सम्पूर्ण भेटघाट परराष्ट्र मन्त्रालयबाट मात्र गर्न थालेका थिए । बाहिर गरिने प्रचार र भित्री खेलमा संगति थिएन।प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार सुटुक्क दिल्ली पुगेको समाचार सार्वजनिक भएपछि प्रोटोकललाई पालना नगरेको देखियो ।

विगतका प्रधानमन्त्रीहरूका कार्यालय र निवासमा समेत बिना रोकतोक सहज पहुँच पाउँदै आएका नेपालका कूटनीतिक अधिकारी बालेनको यो नीतिले केही दूरी बढेको महसुस गरिरहेका थिए ।विगतका विकृतिमा केही लगाम लाग्ने अपेक्षा गरेकालाई बेखुसी बनाउने काम गरेको छ । प्रधानमन्त्रीको यो प्रोटोकलको अडान साढे चार महिना भन्दा लामो गएन । किनकी नेपाल सानो र आर्थिक रुपमा विदेशी सहायतामा निर्भर रहने मुलुक भएकाले प्रधानमन्त्रीकै तहका कूटनीतिक भेटघाटको अर्थ रहने भन्दै कुरा उठ्न थालेपछि प्रधानमन्त्रीले सोमबारबाट आफूले पनि छुट्टै भेट्न थालेर वास्तविक धरातलमा टेक्न खोजेका छन। भेटघाटको पहिलो प्राथिमकतामा उनले छिमेकी मुलुकलाई दिएका छन् । सोमबार सुरूमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवसँग सिंहरदरबारस्थित प्रधानमन्त्री कार्यालयमा भेटे । त्यसपछि उनले दिउँसो चीनका लागि नेपाली राजदूत झाङ माओमिङसँग भेटे ।

उनले मंगलबार अमेरिकी कार्यबहाक राजदूत स्कर्ट अर्बमलाई भेट्ने कार्यक्रम छ । यो भेटमा प्रधानमन्त्री शाहलले परराष्ट्रका अधिकारीहरूलाई पनि सँगै राखेका थिए । राजदूतहरूसँगका दुवै भेट दुइपक्षीय हित र साझेदारीका विषयमा केन्द्रित थिए । भारतीय राजदूत नवीन श्रीवात्सवले भारत र नेपालबीचको सुदृढ र बुहआयामिक साझेदारीलाई थप गहिरो बनाउने विषयमा कुरा भएको बताएका छन् । प्रधानमन्त्री शाह सँग अर्थपूर्ण र रचनात्मक विचार आदानप्रदान भएको उल्लेख गरे । भेटवार्ताका क्रममा नेपाल-भारतबीचको द्विपक्षीय मित्रता, पारस्परिक हित, विकास साझेदारी तथा सहकार्यका विविध विषयमा छलफल भएको प्रधानमन्त्री कार्यालयले जनाएको छ । प्रधानमन्त्रीले चीनसँगको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्ने विषयमा जोडको उनको सचिवालयद्वारा जारी प्रेसनोटमा छ । राजदूत माओमिङले पनि प्रधानमन्त्रीसँगको भेटबारे उल्लेख गर्दै हामीले मैत्रीपूर्ण वातावरणमा द्विपक्षीय सम्बन्ध तथा व्यावहारिक सहकार्यका विषयहरू, साथै साझा चासोका विषयमा विचार आदानप्रदान गरेको बताएका छन् । 'नेपाल र चीनका जनतालाई थप लाभ पुऱ्याउने तथा दुवै पक्षका लागि हितकारी सहकार्यलाई अझ गहिरो बनाउने विषयमा हामी सहमत भयौं' राजदूत माओमिङले भनेका छन् । साढे चार महिनापछि आफ्नै अडानबाट पछि हटेर प्रधानमन्त्रीले राजदूत भेट्नेतर्फ लाग्नुको पछि केही कूटनीतिक व्यवहार बदल्न खोजेको संकेतको रुपमा बुझ्न सकिने कूटनीतिक मामिला जानकारहरू बताउँछन् ।

प्रधानमन्त्री शाह चैत १३ मा प्रधामन्त्री बनेपछि गत असार २२ मा तीन दिने नेपाल भ्रमणमा आएका एसियाली विकास बैंक(एबीडी) का अध्यक्ष मासातो कान्डालाई मात्र भेटेका थिए । त्यो बाहेक अन्य भेट उनले सामूहिक रुपमा गरेका थिए । प्रोटोकल नमिल्नेसँग नभेट्ने उनको अडानका कारण अमेरिकी सहायक विदेशमन्त्री समिर पल कपुर र दक्षिण-मध्य एसियाका लागि राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत सर्जियो गोर र अमेरिकी उपविदेशमन्त्री सारा बी.रोजर्सले शाहलाई नभेटी फर्केका थिए । उनीहरूको भेटका लागि अमेरिकी दूतावासले कोसिस गरेको थियो । तर प्रधानमन्त्रीले भेटेका थिएनन् । यता भारतका विदेश सचिव विक्रम मिश्री समेत नेपाल आउने चर्चा थियो । तर प्रधानमन्त्रीसँगको भेटको निश्चित नभएपछि उनको भ्रमण नै भएन । प्रधानमन्त्री शाहले पद बहाल गरेको दुई सातापछि विदेशी कूटनीतिक नियोगका प्रमुख र प्रतिनिधिहरूलाई सिंहदरबारमा नै बोलाएर परिचयात्मक भेट गरेका थिए । तर त्यतिले मात्र कूटनीतिक संवादहरू नपुगेको भन्दै एउटा कोणबाट प्रधानमन्त्री पनि संवादहरूमा जोडिनुपर्ने माग भइरहेको थियो ।

यो बीचमा प्रधानमन्त्रीको भारत भ्रमणको विषय पनि कूटनीतिक बृत्तमा चर्चा भइरहेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री शाहलाई पद बहाल गरे लगत्तै निम्ता दिएका थिए । त्यही निम्तो पनि औपचारिक रुपमा हस्तान्तरण गर्दै भ्रमणको तयारी गर्नेगरी मिश्री आउने चर्चा थियो । तर प्रधानमन्त्रीलाई भेट्न नपाउने भएपपछि उनी आएनन् । त्यही कारण केही चिसोपन आएको चर्चा छ । त्यसलाई सुधार गर्नका लागि प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार बेनले असारको अन्त्यमा सुटुक्क भारत पुगेर त्यहाँका अधिकारीहरूलाई भेटेको कुरा बाहिर आएपछि प्रधानमन्त्री शाह कुनै न कुनै रुपमा छिमेकीहरूसँगको विश्वास बढाउने कोसिसमा देखिन्छन् । सम्बन्ध सुधार्न चाहेको देखिन्छ । छोटो समयमा आएको उतारचडाबले कुटनीति सामाजिक संजालमा लोकप्रियता कमाएजस्तो होइन रहेछ भन्ने बोध हुनु सकारात्मक परिवर्तन हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सात महिनाको सम्झौता, दुई वर्षमा सकिएन

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ साउन

निर्माण व्यवसायीको चरम लापरवाही बागलुङ जिल्ला सदरमुकामको एक राजमार्गमा देखिएको छ । बागलुङ बजारको रामरेखादेखि उपल्लाचौरसम्मको जम्मा दुई किमी सडक दुई वर्षमा पनि सकिएको छैन ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको मध्यपहाडी पुष्पलाल लोकमार्गको बाङ्गेचौरदेखि उपल्लाचौरसम्मको दुई किमी सडक सात महिनामा सक्नेगरी सम्झौता भएकामा दुई वर्ष बित्न लाग्दा पनि अझै सडक कालोपत्र भएको छैन । दुई किलोमिटर १०० मिटर सडक स्तरोन्नतिसहित कालोपत्र सम्पन्न गर्नेगरी २०८१ फागुनमा २०८२ भदौ १५ गते सम्पन्न गर्नेगरी काम थालिए पनि ठेकेदारको ढिलासुस्तीले काम काम नसकिएको हो । सडक डिभिजन कार्यालयअन्तर्गत ठेक्कामा लगाइएको उक्त सडकमा बेस र कालोपत्र गर्न अझै बाँकी छ । रु छ करोड ७२ लाख ६५ हजारमा ठेक्का सम्झौता गरेर एचसिबीजिसीएस कम्पनीले काम गरे पनि अझै सम्पन्न गर्न नसकेको हो । विसं २०८२ भदौ १५ मा काम नसकिएपछि पहिलोपटक २०८३ असार मसान्तसम्म म्याद थपिएकामा उक्त समयमा समेत काम नसक्दा सरकारको खरिद संशोधनअन्तर्गत नै २०८३ असोज मसान्तसम्म म्याद थपिएको सडक डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो । सडक निर्माणको दुई वर्ष बित्नैलाग्दा समेत ८० प्रतिशत भौतिक प्रगति रहेको छ । "तत्कालका लागि १२ मिटर चौडाको दुई लेन सडकमा नाली निर्माण, टेवा पर्खाल लगाउने र कल्भर्ट बनाउने र सवबेस बनाउने काम सकिएको छ, निर्माण व्यवसायीले विभिन्न समस्या देखाउँदै काम गर्न ढिलाइ गरेकाले अब बेस र कालोपत्रको काममात्रै बाँकी छ", इन्जिनियर लामिछानेले भन्नुभयो । अस्फाल्ट कङ्क्रिटबाट सडक कालोपत्र गरिने तयारी छ । अस्फाल्ट कङ्क्रिटबाट सडक कालोपत्र गर्दा लामो समय टिकाउ हुने र बर्सेनि सडक मर्मत र खाडल पुर्नुपर्ने झन्झटबाट केही हदसम्म मुक्ति मिल्ने लामिछानेको भनाइ छ ।

निर्माण कम्पनीका प्रतिनिधि सुरेश श्रेष्ठले बिटुमिनको अभाव र पेट्रोलियम पदार्थको मूल्यवृद्धिले कालोपत्रको काम गर्न नसकिएको बताउनुभयो । सडक संरचनाको सबै काम सकिएकाले थपिएको समयमा पर्याप्त मजदुर र उपकरण प्रयोग गरेर कालोपत्रको काम सम्पन्न हुने श्रेष्ठले बतानुभयो । सडक मापदण्डमा परेका घरटहरा, जग्गा जमिन र विभिन्न संरचनाका कारण यहाँ लामो समयदेखि स्तरोन्नतिको काम रोकिएको थियो । लोकमार्ग विस्तार गर्दा घरघडेरी क्षति हुँदा उठिबास हुने भन्दै प्रभावित क्षेत्रका बासिन्दाले सङ्घर्ष समिति नै बनाएर सर्वोच्च अदालतमा मुद्दा दायर गरेपछि सडक विस्तार र कालोपत्रको काम हुनसकेको थिएन । सर्वोच्चले बाङ्गेचौरदेखि उपल्लाचौरको बुर्तिवाङ चोकसम्म १५ मिटर बाटो कायम गरिदिएपछि स्तरोन्नतिको काम अघि बढेको थियो । सडक स्तरोन्नति नहुँदा दुर्घटनाको जोखिम बढ्नुका साथै खाल्डाखुल्डीले सवारीसाधन आवागमनमा असहज भइरहेको छ ।


## एउटै व्यक्तिभएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १७ निवासी भारतीय भु.पु.सै.नं. JC 602363A का सुवेदार ओम बहादुर गुरुङ भन्ने ओ बहादुर गुरुङको श्रीमती नक माया गुरुङ्गको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर नक माया गुरुङ भएको र पेन्सन अभिलेखमा नामथर नक माया मात्र उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको व्यहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १७ नं. वडा कार्यालयको च.नं. ५४५९ मिति २०८३।०३।२२ को सिफारिस पत्रबाट लेखि आएको जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्तिभएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ९ साविक तित्याङ गा.वि.स. वडा नं. ५ निवासी भारतीय भू.पू. सैनिक नं. ५८४३५०६ का सिपाही बल बहादुर क्षेत्रीको पत्नी लाल कुमारी खड्काको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर लाल कुमारी खड्का (LAL KUMARI KHADKA) र जन्म मिति वि.सं. २०१५/०५/२० भएको र निजको भारतीय डकुमेन्टमा पत्नीको नाम थर लाल कुमारी (LAL KUMARI) र जन्म ई.सं. १९६१/०९/०५ भै फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, ९ नं. वडा कार्यालय, तित्याङ, बागलुङको च.नं. ६४, मिति २०८३/०४/२१ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**


# संगम सहकारीको वार्षिक समिक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, २५ साउन

संगम बचत तथा ऋण सहकारी संस्था , पोखरा १५ ले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समिक्षा गरेको छ ।

कास्कीको अन्नपूर्ण गाउँपालिका १, सिम्पालीमा भएको उक्त कार्यक्रममा बोल्दै संस्थाका अध्यक्ष नबराज तिवारीले यसपटक वार्षिक समिक्षाका साथसाथै चार वर्षे कार्य अवधिकै पनि समिक्षा गर्नुपर्ने समय आएकोले समिति उपसमितिका सबै साथीहरूले स्वमुल्यांकन गर्दै आगामी दिनको तयारीमा लाग्नुपर्ने बताए । संस्थामा सुशासन कायम राख्दै निति बिधिमा चलेकै कारण बैंक तथा सहकारीका कारोबारहरु खुम्चिएको यस अवस्थामा पनि संगम सहकारी सबल र सक्षम रहेको उनले बताए । सल्लाहकार संयोजक निरज थापाले सबैको सकारात्मक सोंच नै संगमको बलियो आधार भएको बताए । कानुनी सल्लाहकार दयाराम गौतम र शिक्षा उपसमिति सदस्य तुल गुरुङले लक्ष्य र प्राप्ति बिचको सन्तुलन मिलाउन आ आफ्नो ठाउँबाट सबै लाग्नुपर्ने बताए । संचालक सदस्य तोयानाथ भट्टराईले निवर्तमान देखि वर्तमान अध्यक्षसम्म, लेखा संयोजक देखि सचिवसम्म र कार्यालय प्रमुख देखि ऋण बिभाग प्रमुखसम्मको अथक मेहनत, त्याग र इमानदारिताले संगमलाई उज्यालो बनाएको प्रसंग उल्लेख गरे । कार्यालय प्रमुख बृहस्पति अधिकारीले सदस्यहरुको संस्थाप्रतिको बिश्वासले गर्दा नै तुलनात्मक रूपमा बाणिज्य बैंकसँग मिल्दोजुल्दो ब्याजदर हुँदा पनि बचत रकममा वृद्धि भैरहेको बताउदै खुसी व्यक्त गरे । सोही अवसरमा विभिन्न उपसमितिका तर्फबाट संयोजकहरुले प्रगति प्रतिवेदन समेत प्रस्तुत गरेका छन् । सचिव धनराज पुरीको संचालनमा भएको कार्यक्रममा भोबिन्द्र गिरी, बुद्धिमान थापा, भुपेन्द्र गौचन, सुभास भण्डारी, सुशीला थापा, केश बहादुर थापा, तिलक थापा, विकल्प कुँवर लगायतले मन्तव्य राखेका थिए । राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट इजाजत प्राप्त यस सहकारीले कर्जा सूचना केन्द्रको पनि सदस्यता लिएको छ । संस्थाले आउँदो असोज ३ गते संबिधान दिवसका दिन साधारणसभा गर्ने मिति तय गरिसकेको छ। सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्य गर्दै आइरहेको यस संस्थाले हालै मात्र पनि पोखरा १५ का विभिन्न जेष्ठ नागरिक मिलन केन्द्रमा पुगेर जेष्ठ नागरिकहरुलाई दिवा खाजा प्रदान गरेको थियो ।

# गण्डकी प्रदेशमा तनहुँमा मात्रै पशुको रगत परीक्षण

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ साउन

भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालय तनहुँले आधुनिक पशु स्वास्थ्य सेवा सञ्चालनमा ल्याएको छ ।

कार्यालय प्रमुख रविनसन अधिकारीका अनुसार गण्डकी प्रदेशका ११ जिल्लामध्ये पशुको रगत परीक्षण सेवा उपलब्ध गराउने कार्यालय तनहुँ मात्रै हो । रगत परीक्षणबाट पशुमा देखिने विभिन्न रोग छिटो पहिचान गर्न सकिने भएकाले उपचार प्रक्रिया सहज र विश्वासनीय बनेको छ ।

उहाँले भन्नुभयो, "रगत परीक्षणबाट पशुमा देखिएका विभिन्न रोग तथा स्वास्थ्य समस्याको अवस्था पहिचान गरी त्यसैका आधारमा उपचार गर्न सकिने भएकाले उपचार प्रक्रिया थप प्रभावकारी र विश्वसनीय बनेको छ ।" पशुले रोगका लक्षण देखाएपछि त्यसका आधारमा मात्र उपचार गरिँदा रोगको वास्तविक कारण पहिचान गर्न कठिन हुने अवस्थामा रगत परीक्षण गरी रोग पहिचान गर्न सकिने हुँदा पशु उपचारमा आधुनिक स्वास्थ्य परीक्षणको महत्त्व बढेको कार्यालयले जनाएको छ । कार्यालयले पशुहरूको हड्डीसम्बन्धी शल्यक्रिया सेवा सुरु गरेको छ । दुर्घटना वा अन्य कारणले हड्डी भाँचिएका तथा जोर्नीसम्बन्धी समस्या भएका पशुहरूको जिल्लामै शल्यक्रिया गरी उपचार गर्न सकिने उहाँले बताउनुभयो । यसअघि यस्ता जटिल समस्या भएका पशुलाई उपचारका लागि अन्यत्र लैजानुपर्ने अवस्था थियो ।

पशुलाई लामो दूरीसम्म लैजाँदा थप समस्या हुने तथा किसानलाई अतिरिक्त खर्चसमेत लाग्ने गरेको थियो । जिल्लामै शल्यक्रिया सेवा उपलब्ध भएपछि किसानले समय र खर्च दुवै बचत गर्न सक्ने भएका छन् । यस्तै भिडिओ एक्स-रे सेवासमेत सञ्चालनमा आइसकेको छ । आधुनिक उपकरणमार्फत पशुको आन्तरिक अवस्थाको स्पष्ट परीक्षण गरी रोगको सही निदान र उपचार गर्न त्यो सेवा प्रभावकारी हुने अधिकारीले जानकारी दिनुभयो । उक्त सेवा प्रभावकारी सञ्चालनमा आएसँगै पशुवस्तु उपचारका लागि अन्य जिल्लामा जानुपर्ने बाध्यता हटेको छ ।

गण्डकी प्रदेशका अन्य जिल्लाका पशुपालक किसानले आवश्यक परे तनहुँबाट ती विशेष सेवाको लाभ लिन सक्ने कार्यालयले जनाएको छ । कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा दुई हजार ६२ किसानलाई प्रयोगशाला सेवा उपलब्ध गराएको छ । तीन हजार ९१९ किसानका पशुलाई उपचार सेवा उपलब्ध गराइएको कार्यालय प्रमुख अधिकारीले बताउनुभयो ।

# असहायको सहारा व्यास नगर समता

**पोखरापत्र संवाददाता**
दमौली, २५ साउन

व्यास नगर समता विद्यालयले ५६ जना असहाय बालबालिकालाई निःशुल्क शिक्षा दिँदै आएको छ ।

असहाय तथा विपन्न परिवारका बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गरिएको हो । आवास र संरक्षणको व्यवस्था सहितको शिक्षा उपलब्ध गराउन तनहुँको व्यास नगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराएको छ । उक्त विद्यालयमा अध्ययन गर्ने बालबालिका अति विपन्न, असहाय, वर्गका छन् । व्यास नगरपालिकाका नगर प्रमुख वैकुण्ठ न्यौपानेले विद्यालयलाई नमूना विद्यालय बनाउने सोच रहेको जानकारी दिनुभयो । विद्यालय विसं २०८० देखि सञ्चालनमा आएको हो ।


## दुई नामथर र जन्ममिति एउटै व्यक्ति भएको सूचना

जिल्ला स्याङ्जा फेदीखोला गाउँपालिका वडा नं. ०३ निवासी भारतीय सेनाका भू.पू. सैनिक नं. JC 548352X EX SUB, HONI LT ज्ञान बहादुर रानाभाटको बुवाको, श्रीमतीको, छोराको र छोरीको तपसिल बमोजिमको विवरण फरक परेकोले फरक फरक नामथर र जन्ममिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं. ४४ मिति २०८३/०४/२० को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यहोरा सिफारिस गरिन्छ ।

| क्र.सं. | ना.प्र.मा नामथर | सैनिक अभिलेखमा नामथर | नाता | ना.प्र.मा जन्म मिति (वि.सं) | सैनिक अभिलेखमा जन्म मिति (ई.सं.) |
|---|---|---|---|---|---|
| १. | ज्ञान बहादुर रानाभाट | ज्ञान बहादुर राना | पेन्सनर | २०१७/१०/१५ | १५/०२/१९६० |
| २. | सितादेवी रानाभाट | सिता देवी | श्रीमती | २०१७/०४/१० | २०/०९/१९६३ |
| ३. | रीता रानाभाट | रिता कुमारी राना | छोरी | २०४७/०८/१० | ०१/०५/१९८९ |
| ४. | गीता कुमारी रानाभाट | प्रेमा देवी | छोरी | २०४३/०६/२८ | १४/१०/१९८५ |
| ५. | संगीता रानाभाट | संगीता कुमारी राना | छोरी | २०४९/०६/०७ | ०७/०४/१९९१ |
| ६. | रोशन रानाभाट | रोशन राना | छोरा | २०५४/१२/२३ | ०८/०४/१९९६ |
| ७. | सेर बहादुर रानाभाट | नर बहादुर राना | बुवा | | |



**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

# खानेपानी डिभिजनको ९० प्रतिशत वित्तीय र भौतिक प्रगति

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २५ साउन

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जाले ९० प्रतिशत वित्तीय प्रगति र भौतिक प्रगति हासिल गरेको छ। गएको आर्थिक वर्ष २०८२/८३ मा कार्यालयले वित्तीयमा ९० प्रतिशत र भौतिकतर्फ ९१ प्रतिशत प्रगति हासिल गरेको हो।

डिभिजन कार्यालयले चालुतर्फ ८७ प्रतिशत र पुँजीगत शीर्षकमा झण्डै ९१ प्रतिशत रकम खर्च गर्दै समग्रमा ९० प्रतिशत वित्तीय प्रगति गरेको जनाएको छ। चालु र पुँजीगत शीर्षकको ४४ करोड ४८ लाख २० हजार रुपैयाँ कुल बजेटमध्ये ४० करोड १७ लाख ३० हजार रुपैयाँ खर्च गरेर समग्रमा ९० प्रतिशत वित्तीय प्रगति हासिल भएको कार्यालयले जनाएको छ। पुँजीगत शीर्षकतर्फको बजेटलाई उच्च प्राथमिकता दिदै सकेसम्म शतप्रतिशत खर्च गर्ने लक्ष्य थियो। जेनजी आन्दोलन र विभिन्न देशमा चलेका युद्धले महंगी बढेपछि सृजित समस्याले पुँजीगत खर्चतर्फ झण्डै ९ प्रतिशत बजेट खर्च हुन नसकेको कार्यालयले



जनाएको छ। अपेक्षाकृत लक्ष्य हासिल नहुँदा चालु र पुँजीगत शीर्षकको झण्डै चार करोड ३० लाख ८९ हजार रुपैयाँ बजेट प्रदेश सरकारको कोषमा फिर्ता भएको छ।

त्यस्तै कुल योजनामध्ये बहुवर्षीयका ५९, क्रमागततर्फका १९०, मर्मत सम्भारका ९२, संघको सर्शततर्फ ४ र विशेष अनुदानका दुई वटा गरी ३४७ योजनामध्ये ३३१ योजनाहरु कार्यान्वयन गर्दा ९१ प्रतिशत भौतिक प्रगाति हासिल भएको डिभिजन कार्यालयका प्रमुख इन्जिनियर किरण पौडेलले जानकारी दिए। स्याङ्जा र काकीका योजना कार्यान्वयन गर्दै आएको कार्यालयका अनुसार स्याङ्जातर्फ २३३ र कास्कीको १४४ योजनामा ९१ प्रतिशत भौतिक प्रगति हासिल भएको हो। केही योजनामा पानीको श्रोत (मुल) विवादले ९ प्रतिशत भौतिक प्रगति रोकिएको प्रमुख पौडेलले जनाए। गएकै वर्ष बहुवर्षीयतर्फका ५१, क्रमागतका दुई, मर्मतको ६३ र संघ सशर्ततर्फ एक गरी ११७ योजना निर्माण सम्पन्न भएका छन्।

एक वर्षको अवधिमा 'एक घर, एक धारा' अनियानअन्र्तगत तीन हजार ५ सय खानेपानीका नायँ धारा जडान गर्ने लक्ष्य लिएको कार्यालयले लक्ष्य अनुसार धारा जडान गरेको दाबी गरेको छ। यस अवधिमा एक सय ३ वटा खानेपानीका टयांकी निर्माण भएको कार्यालयले जनाएको छ। नयाँ धारा जडानसँगै स्याङ्जाका र कास्कीका झण्डै १५ हजार सर्वसाधारणमा खानेपानीको सुविधा विस्तार भएको छ। पछिल्लो तथ्यांक अनुसार स्याङ्जको झण्डै ६८ हजार घरधुरीमध्ये करिब ९७ प्रतिशतले आधारभूत खानेपानीको सुविधा उपभोग गर्दै आएका छन्।

आधारभूत खानेपानीको सुविधामा पहुँच पुगेमध्ये १० प्रतिशतले मध्यम तथा उच्चस्तरको खानेपानी उपभोग गर्दै आएको कार्यालयका इन्जिनियर कमल बरालले बताए। कार्यालयका अनुसार गत वर्ष दुई जिल्लाका १३४ लिफ्टिङ खानेपानी योजनालाई विद्युत महशुलमा नगद अनुदान दिइएको छ। विद्युत प्रयोगबाट संचालित लिफ्टिङ तथा भूमिगत खानेपानी योजनालाई महशुलमा एक करोड दुई लाख ७६ हजार रुपैयाँ नगद अनुदान दिइएको हो। गण्डकी प्रदेश सरकारको 'लिफिट्ङ खानेपानी विद्युत महशुल अनुदान कार्यविधि, २०७९' अनुसार योजनाहरुलाई अनुदान दिएको इन्जिनियर बरालले जानकारी दिए। त्यैगरी आर्थिक वर्ष २०७२/७३ देखि संघीय सरकारले संचालन गर्दै आएको खानेपानीका ६४ योजना अलपत्र परेको कार्यालयले जानकारी दिएको छ। योजना थप्दै जाने तर बजेट सुनिश्चित र दायित्व नलिदा योजनाहरु अलपत्र पर्दै गएका हुन्। विगत १० वर्षदेखि निर्माणाधिन योजनाहरु निर्माण सम्पन्न गर्न १९ करोड ५० लाख रुपैयाँ बजेट आवश्यक पर्ने कार्यालयले जनाएको छ।

# ढोरपाटनको सडक सहज बनाउन मन्त्री लम्सालको जोड

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ साउन

भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले ढोरपाटन पुग्ने पर्यटकको यात्रा सहज बनाउन सडक स्तरोन्नतिलाई प्राथमिकतामा राखिएको बताउनुभएको छ।

बागलुङको बुर्तिबाङ-ढोरपाटन सडकको स्थलगत अनुगमन गर्दै मन्त्री लम्सालले ढोरपाटन पुग्ने पर्यटकलाई स्तरीय सडकमार्फत स्वागत गर्ने वातावरण सरकारले निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। सो सडकको अवस्था र निर्माणमा देखिएका समस्या पहिचान गरी समाधान गर्ने उद्देश्यका साथ मन्त्री लम्साल ढोरपाटन पुग्नुभएको हो। उहाँले सोमबार बुर्तिबाङ-ढोरपाटन सडकको स्थलगत अनुगमन गरी फर्किनुभएको सांसद शोभा शर्माले जानकारी दिनुभयो। "फल्नेघर क्षेत्रमा हालै स्तरोन्नति गरिएको सडकमा पहिरो गएका कारण समस्या देखिएको र ठाउँठाउँमा पहिरो खस्दा जटिलता उत्पन्न भएको पाइयो", मन्त्री लम्सालले भन्नुभयो, "वर्षामा पहिरो पन्छाउनेलगायतका काम आयोजना र नगरपालिकाले मिलेर गर्नेछन्। ढोरपाटन पुग्ने सडक स्तरोन्नतिसँगै कालोपत्रका लागि छिट्टै ठेक्का लाग्छ, सरकारले बजेटको व्यवस्था गरेको छ।" सालझण्डी-ढोरपाटन सडक निर्माणमा ढिलाइ हुनुमा ठेकेदारको कमजोरी रहेको उल्लेख गर्दै मन्त्री लम्सालले ठेक्का लागेका क्षेत्रमा छिटो काम सम्पन्न गर्न निर्देशन दिनुभयो। उहाँले ठेक्का नलागेका क्षेत्रमा तत्काल ठेक्का प्रक्रिया अघि बढाउन आयोजनालाई आग्रह गर्नुभयो।

अनुगमनका क्रममा मन्त्री लम्सालले बुर्तिबाङ बजारका स्थानीयसँग छलफलसमेत गर्नुभएको थियो। स्थानीयले बुर्तिबाङ बजारमा देखिएको खानेपानीको समस्या समाधान तथा बुर्तिबाङ प्रादेशिक अस्पतालको सेवा विस्तारमा सहयोग गर्न मन्त्रीसमक्ष माग गरेका थिए। स्थानीयका समस्या तथा गुनासा सुनेपछि मन्त्री लम्सालले बुर्तिबाङ बजारको खानेपानी तथा प्रादेशिक अस्पतालको समस्याबारे आफू अवगत भएको बताउनुभयो। "सरकारले क्रमशः जनताका समस्या प्राथमिकताका आधारमा समाधान गर्छ", उहाँले भन्नुभयो, "समस्या पहिचान गर्न सकेमा मात्र समाधान गर्न सकिन्छ भन्नेमा म विश्वस्त छु।" राष्ट्रिय प्राथमिकताको आयोजनाका रूपमा रहेको सालझन्डी-ढोरपाटन सडकअन्तर्गत बागलुङको बुर्तिबाङ-फल्नेघर खण्डमा २२ किलोमिटर सडक स्तरोन्नति भइरहेको छ। सडक चौडा बनाएर ग्राभेल गरिए पनि कालोपत्र नभएका कारण वर्षायाममा सडक हिलाम्मे हुँदा सवारीसाधन फस्ने समस्या देखिएको छ। रु २५ करोड ६१ लाख ३१ हजार १६६ को लागतमा उक्त सडकखण्ड स्तरोन्नति भइरहेको हो।

रुपन्देहीको सालझन्डीबाट सुरु भएको उक्त सडक अर्घाखाँचीको सन्धिखर्क, पाल्पा र गुल्मी हुँदै बागलुङको ढोरपाटनसम्म पुगेको छ। सडक निर्माणमा भइरहेको ढिलाइको अवस्था बुझ्न मन्त्री लम्साल पाल्पा हुँदै बागलुङ आउनुभएको हो।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा न ४ निवासी भारतिय भू.पू.सै.नं. १२२८०४१ NK का टेक नारायण प्रधानको पत्नि ख कुमारी प्रधानको नेपाली नागरिकतामा प्रमाण पत्रमा नामथर ख कुमारी प्रधान भएको र भारतिय पेन्सन कागजपत्रमा khagu Kumari भई नाम थर फरक पर्न गएकोले उल्लेखित दुई नाम थर भएको व्यक्ति एउटै भएकोले सोहि बमोजिमको सिफारिस गरि पाँऊ भनि पेश भएको निवेदन बमोजिम माथि उल्लेखित दुई नाम थर ख कुमारी प्रधान र khagu Kumari भएको व्यक्ति एउटै भएको व्यहोरा बागलुङ नगरपालिका वडा नं ४ बागलुङको च.नं.५५ मिति २०८३/०४/१८ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध गरिन्छ।

**प्रमुख जिल्ला अधिकारी**



## Vacancy Announcement

A newly established automotive parts and accessories manufacturing company based in Pokhara is seeking qualified technical manpower for the following positions:

**1. Position: Foreman (2 Vacancies)**

- **Skills:** Designing, knowledge of specifications and diagrams, proper machine setting and operating skills.
- **Experience:** Minimum 5 years in related fields.
- **Academic Qualification:** Diploma in Mechanical Engineering or higher.
- **Age:** Not above 50 years.
- **Salary & Benefits:** Based on skills and experience. No bar for deserving candidates.
- **Selection Method:** Skill test and interview.

**2. Position: Machine Operator (2 Vacancies)**

- **Skills:** Operating semi-automated and automated cutting, grinding, and punching machines.
- **Experience:** Minimum 5 years in related fields.
- **Academic Qualification:** Diploma in Mechanical Engineering.
- **Age:** Not above 50 years.
- **Salary & Benefits:** Based on skills and experience. No bar for deserving candidates.
- **Selection Method:** Skill test and interview.

**3. Position: Helper (4 Vacancies)**

- **Skills:** Handling machines and tools, packing, and housekeeping.
- **Experience:** 2–3 years in related fields.
- **Academic Qualification:** +2 (Intermediate level).
- **Age:** Not above 50 years.
- **Salary & Benefits:** Based on skills and experience. No bar for deserving candidates.
- **Selection Method:** Skill test and interview.

**Application Process:**
Deserving candidates may apply within seven days from the date of publication of this notice. Please send your Curriculum Vitae (CV) to the following email address:

**Email:** bishwasgoyal1@gmail.com



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भू.पू. सैनिक नं. ५३४४१०० ४४ जि.आर. टेस नायक नर बहादुर गुरुङको तपसिल बमोजिमको पारिवारिक सदस्यको नेपाली नागरिकता र भारतीय पेन्सन डकुमेन्टमा नामवर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्म मिति गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको बेहोरा मर्स्याङ्दी गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. १२१ मिति २०६३/०४/२५ को सिफारिस बमोजिम सोहि बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ।

तपसिल

| क्र.सं. | विवरण परक परेको व्यक्ति | पेन्सनरसँगको नाता | ना.प्र.प. अनुसार नामथर, जन्म मिति | सैनिक अभिलेख अनुसार जन्म मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | नर बहादुर तमाङ | आफै | नरबहादुर तामाङ वि.स. २०१७/०१/१४ ई.स. १९६०-०४-२६ | नर बहादुर गुरुङ वि.स. २०१७/०३/०७ इ.स. १९६०-०६-२० | फरक व्यक्ति नभइ एउटै व्यक्ति भएको |
| २ | मन माया तमाङ | पत्नी | मन माया तमाङ वि.स. २०१९/०७/१० ई.स. १९६२-१०-२६ | मन माया गुरुङ वि.स. २०२०/११/२७ ई.स. १९६४-०३-१० | फरक व्यक्ति नभइ एउटै व्यक्ति भएको |

**प्रमुख जिल्ला अधिकारी**



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पर्वत, कुश्मा

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा ठूलीपोखरी गा.वि.स.वडा नं.१ निवासी भारतीय सेनाका ४/९ जि.आर. भू.पू.नं. ५८४५३९१ का हवल्दार मनबहादुर के.सी. को पत्नी लक्ष्मी कुमारी के.सी.को नागरिकता प्रमाण पत्रमा नाम लक्ष्मी कुमारी के.सी. जन्म मिति २०२२/७ १५ भएको र निजका पतिले भारतमा नोकरी गरेको पेन्सन अभिलेखमा पत्नीको नाम लक्ष्मी कुमारी थापा र जन्म मिति २०२३।५।२१ मै फरक परेको भएता पनि यी दुवै नामथर र जन्म मिति भएकी निम्न फोटो प्रमाणित व्यक्ति एउटै भएको मनि सम्बन्धित गा.वि.स.बाट मिति २०७०।८।१६ गते सिफारीस मै आएको व्यहोरा प्रमाणित गरिएको छ।

**प्रमुख जिल्ला अधिकारी**



## एउटै व्यक्ति भएको सूचना

कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १३ निवासी भारतीय भु.पु. सैनिक नं.JC 55457 F SUB G.D. का सुकदेव शर्माको माग निवेदन र संलग्न कागजात अनुसार निजको श्रीमती तुलसी देवी शर्माको ना.प्र.नं.२२४१६ कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर तुलसी देवी शर्मा उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर तुलसी देवी उल्लेख भइ मैले मेरो पेन्सन अभिलेखमा मेरो श्रीमतीको नाम/थर तुलसी देवी जन्म मिति १९५४/०८/१९ लेखिएको तर नेपाली नागरिकताको प्रमाण पत्रमा मेरो श्रीमतीको नाम/थर तुलसी देवी शर्मा र जन्म मिति १९६०/०८/१९ उल्लेख भई फरक पर्न गएको भएता पनि ब्यक्ति एउटै हो फरक होईन। म मेरो श्रीमतीको नाम तुलसी देवी शर्मा तथा जन्म मिति १९६०/०८/१९ कायम गर्न चाहन्छु। उक्त नाम र जन्म मिति नागरिकता प्रमाण पत्रमा उल्लेख गरिएको छ र भविष्यमा यही नाम तथा जन्म मितिलाई स्थायी रुपमा प्रयोग गर्न चाहन्छु। एउटै व्यक्ति भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि कास्की जिल्ला पोखरा महानगरपालिका, १३ नं. वडा कार्यालय कास्कीको च.नं. ५४५२ मिति २०८३।०४।२५ को सिफारिस पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि नियमानुसार हुन अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**



## नामथर फरक पर्न गएको सूचना



कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नं.-४, निवासी २/९ जि.आर भारतीय भु.पु. सै.नं. **5852032N NK/TS** राजकुमार शाहीको श्रीमती संगीता शाहीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर संगीता शाही (मल्ल) उल्लेख भएको तर निजको पतिको पेन्सन सिटरोलमा नामथर संगीता शाही मात्र उल्लेख भई फरक परेतापनि व्यक्ति फरक फरक नभई एकै भएको व्यहोरा सिफारिसका साथ अनुरोध गरिन्छ भनि कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका ४ नं. वडा कार्यालयको च.नं. १५५ मिति २०७७/०५/२३ को सिफारिस पत्रबाट लेखि आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## नामथर, जन्ममिति फरक पर्न गएको सूचना



तनहुं जिल्ला साविक ढोरफिर्दी गा.वि.स. वडा नं.-३, हाल शुक्लागण्डकी नगरपालिका वडा नं.-८ बस्ने भारतीय भु.पु. सै.नं. ५४४९३२०**F**, दर्जा **NK/TS**, पल्टन २/५ जि.आर. का डोल बहादुर मगरको नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर डोल बहादुर मल्ल, जन्म मिति वि.सं. २०१९/०४/१५ उल्लेख भएको र निजको सैनिक अभिलेखमा नाम थर डोल बहादुर मगर, जन्म मिति सन् १९६३/११/१३ (वि.सं. २०२०/०७/२७) लेख्न गई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एउटै भएको भनि शुक्लागण्डकी नगरपालिका, ८ नं. वडा कार्यालयको च.नं. २२०५, मिति २०७४/१२/०७ गतेको पत्रबाट लेखि आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## नामथर फरक पर्न गएको सूचना



तनहुँ जिल्ला साविक ढोरफिर्दी गा.वि.स. वडा नं.-३, हाल शुक्लागण्डकी नगरपालिका वडा नं.-८ बस्ने भारतीय भु.पु. सै.नं. ५४४९३२० **F**, दर्जा **NK/TS**, पल्टन २/५ जि.आर. का डोल बहादुर मगरको श्रीमती केशर कुमारी मल्लले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाण पत्रमा निजको नामथर केशर कुमारी मल्ल उल्लेख भएको र सैनिक अभिलेखमा नामथर केशर कुमारी लेखिन गई नामथर फरक परेता पनि व्यक्ति एउटै भएको भनि शुक्लागण्डकी नगरपालिका ८ नं. वडा कार्यालयको च.नं. १६३५, मिति २०७४/१०/११ गतेको पत्रबाट सिफारिस भई आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला साविक फिरफिरे गा.वि.स. वडा नं. ४ हाल शुक्लागण्डकी न.पा वडा नं १२ बस्ने भारतीय भु.पु.सै.नं. २५०१२४५X दर्जा राईफलमेन, पल्टन २५ ए.आर.का टेक बहादुर भुजेलको श्रीमती ओमा देवी भुजेलको नागरिकतामा नाम थर ओमा देवी भुजेल (OMA DEVI BHUJEL), जन्म मिति वि.सं. २०२७/०५/१३ (ई.स. १९७०/०८/२९ A.D.) भएको तर निजको भारतीय पेन्सन अभिलेखमा नाम थर ओमा देवी (OMA DEVI), जन्म मिति वि.सं. २०२५/०१/०५ (ई.स. १९६८/०४/१७ A.D.) भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको र म मेरो श्रीमतीको नाम ओमा देवी भुजेल तथा जन्म मिति २०२७/०५/१३ कायम गर्न चाहन्छु। उक्त नाम र जन्म मिति नागरिकता प्रमाण पत्रमा उल्लेख गरिएको छ र भविष्यमा यही नाम तथा जन्म मितिलाई स्थायी रुपमा प्रयोग गर्न चाहन्छु भनी शुक्लागण्डकी न.पा वडा नं १२ को वडा कार्यालयको च.नं. ४३ मिति २०८३/०४/२२ गतेको पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**